**प्रश्न नं. १०**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०९८ देखि १२१९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

चन्द्र अवालेको जाहेरीले नेपाल सरकार

बिरुद्ध

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १७ घर भई हाल कारागार कार्याल्य नख्खु, ललितपुरमा थुनामा रहेको राजेन्द्र महर्जन

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- ललितपुर जिल्ला सुन्धारामा मिति २०७५।८।६ मा सानमिगल वियर च्यालेन्जर हुस्कीको संयुक्त आयोजनामा संचालित फेष्टुवल म्यूजिक कार्यक्रम हेर्न भनी मेरो छोरा प्रेम अवाले गएको थियो । सो स्थानमा राती अन्दाजी ९ बजेको समयमा धर्म महर्जन, चाकु महर्जन, राजु महर्जन, विक्रम लगायत अन्य नाम थाहा नभएका मानिसहरु समेत भै कुटपीट गरी धारिलो हतियार समेत प्रयोग गरी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने चन्द्र अवालेको जाहेरी दरखास्त ।
- शरीरको विभिन्न ठाउँमा लागेको घाउहरुबाट निस्किएको रक्तश्रावको कारणबाट मृत्यु भएको भन्ने पाटन अस्पतालले प्रेम अवालेको लास पोष्टमार्टम गरी पठाएको प्रतिवेदन ।
- ललितपुर जिल्ला सुन्धारामा मिति २०७५।८।६ मा सञ्चालन भएको कार्यक्रम हेर्नका लागि जाँदा प्रेम अवाले समेत बसेको ठाउँमा अर्जुन महर्जन, लेकमान महर्जन, विक्रम महर्जन, राजु महर्जन, चाकु महर्जन, धर्म महर्जन लगायतका अन्य देखेमा चिन्ने नाम थाहा नभएका मानिसहरु समेत उक्त स्थानमा आई एक्कासी प्रेम अवालेलाई हातपात गरी ढुंगा मुडा हानी कुटपीट गरी कर्तव्य गरी मारेका हुन् भन्ने  मा विजय अवालेले गरेको कागज ।
- ललितपुर जिल्ला सुन्धारामा सञ्चालित फेष्टुवल म्यूजिक कार्यक्रम हेर्न गएकोमा उक्त स्थानमा पुग्दा धर्म महर्जन, भरत महर्जन, रविन्द्र महर्जन, रविन्द्र भन्ने रविन महर्जन, विनोद महर्जन,

## प्रश्न नं. १०

अर्जुन महर्जन, चाकु महर्जन, राजु महर्जन र सुरजमान महर्जन लगायतका साथीहरुसँग भेट हुँदा प्रेम अवाले समेतका व्यक्तिहरुसँग झै झगडा गरिरहेका रहेछन् । उक्त स्थानमा म पुग्दा प्रेम अवाले समेतका व्यक्तिहरुले प्रहार गरेको ढुंगाले मलाई लागेपछि रिसको सुरमा मैले पनि भाग्दै गरेको प्रेम अवालेलाई ढुंगाले प्रहार गरेकोमा निजलाई लागि लड्नासाथ साथी चाकु महर्जन भन्ने राजेन्द्र महर्जनले नले हात मुक्का लाती, फल्याक, ढुंगा र लाठीसमेतले प्रेम अवालेलाई म समेतका व्यक्तिले ढुंगा हानी कुटपीट गरी धारिलो हतियारसमेत प्रयोग गरी कर्तव्य गरी मारेका हौं भन्ने मास्टर धन समेत भन्ने लेकमान महर्जनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

- ललितपुर जिल्ला सुन्धारामा सञ्चालित फेष्टुवल म्यूजिक कार्यक्रम हेर्न गएकोमा उक्त स्थानमा पुग्दा राजेन्द्र मर्हजन लगायतका साथीहरुसँग भेट हुँदा प्रेम अवाले समेतका व्यक्तिहरुसँग झै झगडा गरिरहेका रहेछन् । उक्त स्थानमा म पुग्दा प्रेम अवाले समेतका व्यक्तिहरुले प्रहार गरेको ढुंगाले मलाई लागेपछि रिसको सुरमा मैले पनि भाग्दै गरेको प्रेम अवालेलाई ढुंगाले प्रहार गरेकोमा निजलाई लागि लड्नासाथ साथी चाकु महर्जन भन्ने राजेन्द्र महर्जनले हात मुक्का लाती, फल्याक, ढुंगा र लाठीसमेतले प्रेम अवालेलाई म समेतका व्यक्तिले ढुंगा हानी कुटपीट गरी धारिलो हतियारसमेत प्रयोग गरी कर्तव्य गरी मारेका हौं भन्ने मास्टर धन समेत भन्ने लेकमान महर्जनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

- ललितपुर जिल्ला सुन्धारामा सञ्चालित फेष्टुवल म्यूजिक कार्यक्रम हेर्न गएकोमा उक्त स्थानमा पुग्दा राजेन्द्र मर्हजन लगायतका साथीहरुसँग भेट हुँदा प्रेम अवाले समेतका व्यक्तिहरुसँग झै झगडा गरिरहेका रहेछन् । उक्त स्थानमा म पुग्दा प्रेम अवाले समेतका व्यक्तिहरुले प्रहार गरेको ढुंगाले लेखमान मर्हजनलाई लागेपछि रिसको सुरमा मैले पनि भाग्दै गरेको प्रेम अवालेलाई ढुंगाले प्रहार गरेकोमा निजलाई लागि लड्नासाथ मैले हात मुक्का लाती, फल्याक, ढुंगा र लाठी समेतले प्रेम अवालेलाई म समेतका व्यक्तिले ढुंगा हानी कुटपीट गरी धारिलो हतियारसमेत प्रयोग गरी कर्तव्य गरी मारेका हौं भन्ने चाकु भन्ने राजेन्द्र मर्हजनको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

- म्यूजिक फेष्टिवल कार्यक्रम हेरी रहेका प्रेम अवालेलाई लेकमान महर्जन लगायतका अन्य फरार प्रतिवादीहरुले ढुंगा, फल्याक, लात मुक्काले समेत प्रहार गरी धारिलो हतियारले काटी कर्तव्य गरी मारेको हो भन्ने थाहा पाएको हौं भन्ने समेत व्यहोराको घटनास्थल आसपासका मानिसहरुले प्राय एकै मिलानमा बकी लेखी दिएको कागज ।

**प्रश्न नं. १०**

- प्रतिवादीहरु चाकु महर्जन भन्ने राजेन्द्र महर्जनले र लेकमान महर्जन लगायतले प्रहार गरेको ढुंगाले प्रेम अवालेलाई लागि ढल्न गएपछि अन्य प्रतिवादीले मिली निजलाई मरणासन्न अवस्थामा पारी भागी गएकाले प्रतिवादीहरु अन्य नाम खुल्न नआएका व्यक्तिहरु समेत भै मुलुकी अपराध सहिता २०७४को दफा १७७ विपरीतको  कसुर अपराधमा सोही संहिताको दफा १७७(२). अनुसार सजाय हुन माग दावी लिई फरार प्रतिवादीहरुको हकमा अदालतबाटै म्याद वारेण्ट जारी हुन सादर अनुरोध छ भन्ने मुख्य अभियोग मागदावी ।
- प्रतिवादी लेकमान महर्जनले तथा चाकु भन्ने राजेन्द्र मर्हजनले अदालतमा गरेको इन्कारी बयान
- जाहेरवाला चन्द्र अवाले,मौकामा कागज गर्ने व्यक्ति तथा प्रतिवादीका साक्षीको बकपत्र ।
- ललितपुर जिल्ला अदालतबाट भएको फैसला ।
- ` प्रतिवादी लेकमान तथा राजेन्द्र महर्जनको पुनरावेदन पत्र ।